# स्नातकोत्तर अध्ययनरत विद्यार्थीहरुको सोधकार्यको लागि अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०७७

(माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७७/०५/१६)

प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

Scanned with CamScanner

# स्नातकोत्तर अध्ययनरत विद्यार्थीहरुको सोधकार्यको लागि अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावनाः** बागमती प्रदेश भित्र कृषिका समस्यामा आधारित रहेर अध्ययन, अनुसन्धान, प्रविधि विकास गर्न र कृषि विकासमा देखिएका समस्या सम्वन्धी पृष्ठपोषणका लागि विभिन्न विश्वविद्यालय र अन्तरगतका कलेजमा स्नातकोत्तर अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले श्री आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेशको सहमति तथा प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा २ को अधिनमा रही मन्त्रालयवाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "स्नातकोत्तर अध्ययनरत विद्यार्थीहरुको सोधकार्यको लागि अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखी प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "शोधपत्र" भन्नाले कुनै विश्वविद्यालयमा वा अन्तर्गतका कलेजहरुको विद्यार्थीहरुद्वारा गरिने सोधकार्य जुन स्नातकोत्तर अध्ययनको आंशिक भाग पुरा गर्नको लागि गरिने सोधकार्यलाइ सम्झनु पर्दछ ।

(ख) "शोधकार्य अनुसन्धान सहयोग रकम" भन्नाले कृषि विकास निर्देशनालयले शोध कार्यको लागि दिएको अनुसन्धान सहयोग रकम सम्झनु पर्दछ ।

(ग) "विश्वविद्यालय" भन्नाले कृषि बिषयमा स्नातकोत्तर स्तरको अध्ययन अध्यापन गराउने विश्वविद्याल वा सो को आंगिक वा सम्वन्धन प्राप्त कलेजसमेतलाई सम्झनु पर्दछ ।

(घ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश, हेटौंडा नेपाल सम्झनु पर्दछ ।

(ङ) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गत रहेको कृषि विकास निर्देशनालय सम्झनु पर्दछ ।

(च) "शोधपत्र कर्ता" भन्नाले परिच्छेद २ अनुसार तोकिएको विषयमा अनुसन्धान शोधकार्य गर्ने विद्यार्थी सम्झनु पर्दछ।



Scanned with CamScanner

(छ) "सोधकार्य" भन्नाले स्नातकोत्तर अध्ययनरत विद्यार्थीहरुले अध्ययनको आंशिक भाग पुरा गर्न कृषिको समस्यामा आधारित रहेर गर्ने अनुसन्धानात्मक कार्य सम्झनु पर्दछ।

३. उद्देश्यः यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेको छ,-

(क) बागमती प्रदेश भित्र कृषिका समस्यामा आधारित अनुसन्धान तथा प्रबिधि विकास कार्यलाई सहयोग पुर्याई कृषि उत्पादन वृद्धि गर्ने,

(ख) कृषि स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीलाई समस्यामा आधारित अनुसन्धान तथा प्रबिधि विकास कार्यमा आकर्षित गर्ने ।

## परिच्छेद-२

## अनुसन्धान शोधपत्र सम्वन्धि व्यवस्था

४. शोधपत्र अनुसन्धान कार्यको विषयवस्तु र क्षेत्रः(१) शोधपत्र अनुसन्धान कार्यको विषयवस्तु र क्षेत्र निर्धारण विश्वविद्यालय तथा निर्देशनालयको समन्वयमा गरिनेछ ।

(२) बिषयबस्तु र क्षेत्रनिर्धारण सम्बन्धमा विश्वविद्यालय तथा निर्देशनालयले कृषिका समस्यामा आधारित कृषि अनुसन्धानको लागि आवश्यक ठानेका अनुसन्धान क्षेत्र तोक्न सक्नेछ ।

(३) शोधकार्यको विषयवस्तु विश्वविद्यालय तथा निर्देशनालयको समन्वयमा तोके बमोजिम हुनेछ । सोही विषयवस्तु र क्षेत्रमा रही सोधकार्य गर्नुपर्नेछ ।

## परिच्छेद-३

## कार्यक्रम संचालन प्रक्रिया

५. विश्वविद्यालयमा पत्राचारः (१) निर्देशनालयले सोधकार्यको लागि अनुदान सहयोग कार्यक्रम सञ्चालनको लागि कृषि तथा वन विज्ञान विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय लगायतका लाई पत्रमार्फत जानकारी गराउनेछ ।

(२) कार्यक्रम सञ्चालनको लागि विश्वविद्यालय र निर्देशनालय बिच समझदारी पत्रमा हस्ताक्षर गरिनेछ ।



Scanned with CamScanner

(३) कार्यक्रम सञ्चालनको लागि विद्यार्थीको छनौट विश्वविद्यालयले गर्नेछ र सो को जानकारी निर्देशनालयलाई दिनेछ ।

६. अनुदान प्राप्त गर्न सक्ने सम्भावित शोधकर्ताहरु: यस कार्यका लागि कृषि स्नातकोत्तर अध्ययनको क्रममा शोधकार्य बाँकी रहेका र शोधपत्र अनुसन्धान कार्य बागमती प्रदेश भित्रै गर्न ईच्छुक विद्यार्थीहरु अनुदान प्राप्त गर्न योग्य रहनेछन् ।

## परिच्छेद-५

## शोधपत्र अनुसन्धान सहयोग, सम्झौता तथा रकम भुक्तानी सम्वन्धी व्यवस्था

७. शोधपत्र अनुसन्धान सहयोग सम्वन्धी व्यवस्था:-(१) शोधकार्य अनुसन्धान सहयोग रकम वापत स्विकृत वजेटको आधारमा अनुसन्धान गर्न बढीमा १००,०००।- रकम उपलव्ध गराईनेछ ।

(२) निर्देशनालयबाट प्रदान गरिने सोधपत्र अनुसन्धान सहयोग रकम चालु आर्थिक वर्ष भित्र हुने अनुसन्धानको लागि मात्र प्रदान गरिनेछ ।

(३) सोधकार्य अनुसन्धानको लागि विश्वविद्यालयले छनौट भएको सोधकर्ताले सोधपत्र सल्लाहकार समितिमा एक जना सदस्य निर्देशनालयले तोके वमोजिम राख्नुपर्नेछ । तर निर्देशनालयले एक जना विषय विज्ञ उपलब्ध गराउन नसकेमा मात्र सो विषयमा अन्य व्यवस्था गर्न पाइनेछ ।

(४) फिल्ड अध्ययनका लागि सम्भव भएसम्म निर्देशनालय मातहतका फार्म केन्द्रको जग्गा प्रयोग गर्न दिईनेछ फार्म केन्द्रहरुको जग्गा उपलब्ध हुन नसकेमा सामुहीक खेती, एकीकृत मोडेल फर्म/नमुना कृषि फर्महरुमा अनुसन्धान कर्ता स्वयमले सम्पर्क गरी व्यवस्था मिलाउन सक्नेछ ।

(५) अन्य क्षेत्रवाट सोही अनुसन्धान कार्यको लागि अनुदान लिएको भएमा अनुसन्धान सहयोग रकम प्रदान गरिने छैन ।

(६) शोधकार्य समाप्त भएपश्चात सो को नतिजा निर्देशनालयमा प्रस्तुत गर्नुपर्नेछ । एक प्रति शोधकार्य कृषि विकास निर्देशनालयलाई बुझाउनु पर्नेछ । उक्त प्रस्तुतिकरणमा



Scanned with CamScanner

आवश्यक्ता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ र प्रस्तुतिकरणमा उठेका विषयहरु आफ्नो मुख्य सल्लाहकारको सल्लाह वमोजिम सोधपत्र प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

(७) शोधकार्यको समाप्त पश्चात विश्वविद्यालयको सिफारिसमा निर्देशनालयले सम्बन्धित अनुसन्धान कर्ताको वैंक खातामा नियमानुसार भुक्तानी दिईनेछ ।

(८) अनुदान रकमको दुरुपयोग भएको पाईएमा त्यस्ता शोधकर्तालाई प्रचलित कानून वमोजिम कारवाही गरी सरकारी वाँकी सरह अनुदान रकम असुल उपर गरिनेछ।

(९) देहायको अवस्थामा सोधपत्र अनुसन्धान सहयोग उपलव्ध गराउने व्यवस्थाको स्वतः समापन हुनेछ ।

क. विश्वविद्यालय/शैक्षिक संस्थाले सोधपत्र नियमित नगरेको भन्ने औपचारिक जानकारी गराएमा,

ख. सोधपत्रकर्ता स्वयंमले शोधपत्रको कार्य विचैमा छाडेमा,

ग. गुणस्तरीय सोधपत्र तयार गर्न नसकेका कारण सोधपत्र विश्वविद्यालय/शैक्षिक संस्थावाट अस्वीकृत भएमा ।

## परिच्छेद-६
## विविध

८. अनुगमन, निरिक्षण तथा सुपरिवेक्षण: अनुसन्धान चलिरहेको वेलामा कुनैपनि समयमा पूर्व जानकारी दिई मन्त्रालय र निर्देशनालयले अनुगमन तथा निरिक्षण गर्न सक्नेछ सो अवस्थामा सोधकर्तले सम्पूर्ण यथार्थ विवरण उपलव्ध गराउनुपर्नेछ ।

९. कार्यविधिको व्याख्या: कार्यविधिमा स्पष्ट उल्लेख भएकोमा वाहेक अन्य कनै पनि विषयमा द्विविधा उत्पन्न भएमा व्याख्या गर्ने र समस्या समाधान गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।



Scanned with CamScanner